आज मिति २०७६।१२।२३ गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश कुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ८० औं बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका

२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका

३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन

४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी

५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ

६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर

७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम

६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा

७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई

८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा

९.वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद बडाल

१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान

११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा

१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले

१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान

१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी

१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा

१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा

१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर

१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम

१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल

२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा

२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार

२२. प्रमुख प्र. अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

आमन्त्रित :

१. अधिकृत सातौं श्री पदमराज तिमल्सिना

२. जनस्वास्थ्य अधिकृत श्री रमेश लामा

३. अधिकृत छैटौं श्री रविन घिमिरे

४. आ.ले.प. सहायक श्री दिनेश श्रेष्ठ

५. सव-ईन्जिनियर श्री नविन खनाल

प्रस्ताव तथा निर्णयहरु :

प्रस्ताव नं १) विपद् व्यवस्थापन कोषमा रकम स्थानान्तरण गर्ने सम्बन्धमा ।

निर्णय नं १) विपद् व्यवस्थापन कोषमा तल उल्लिखित शिर्षकहरुबाट देहाय बमोजिमको रकम स्थानातरण गर्ने निर्णय गरियो । साथै उक्त रकम स्थानान्तरणको निर्णय आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो। साथै विपद् व्यवस्थापन कोष रु. १करोड ५लाखको बनाउने निर्णय गरियो।

| सि.नं. | शिर्षक रु. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | निर्वाचित पदाधिकारीको तलब | रु. ५० लाख | |
| २ | चेपाङ शैक्षिक सुधार कार्यक्रम | रु. ५० हजार | |
| ३ | अपांग पुर्नस्थापना कार्यक्रम | रु. ३ लाख | |
| ४ | नगरस्तरीय वाल सञ्जाल समितिलाई अवलोकन भ्रमण | रु. १ लाख | |
| ५ | ग्रास रुट फुटबल | रु. ५ लाख | |
| ६ | शहिद हिरालाल गोल्डकप | रु. ४ लाख | |
| ७ | कलात्मक भ्याल ढोका तालिम | रु. २ लाख | |
| ८ | जनजातिलाई स्वरोजगार तालिम | रु. २ लाख | |
| ९ | दलित स्वरोजगार तालिम | रु. ३ लाख | |
| १० | व्युटिसियन तालिम बेसिक कोर्स | रु. १ लाख | |
| ११ | व्युटिसियन तालिम एडभान्स कोर्स | रु. २ लाख | |
| १२ | सिलाई कटाइ तामिल | रु. २ लाख | |
| १३ | दुधजन्य परिकार तालिम | रु. २ लाख | |
| १४ | विषादी न्युनिकरण तालिम | रु. ३ लाख | |
| १५ | केरा बिमा प्रिमियम तालिम | रु. ५ लाख | |
| १६ | वालमैत्री स्थानीय शासन तालिम | रु. ३ लाख | |
| १७ | साइबर क्राइम अपराध न्युनिकरण तालिम | रु. १ लाख | |

| | | | |
|---|---|---|---|
| १८. | लागु औषधि न्युनिकरण तालिम | रु. २ लाख | |
| १९. | भाषा साहित्य कला | रु. ४ लाख | |
| २०. | पशु फर्म दर्ता तथा अभिलेखीकरण | रु. ५० हजार | |
| २१. | कृषक परिचय पत्र | रु. २ लाख | |
| २२. | लघु उद्यम संचालन कार्यक्रम | रु. ५ लाख | |

जम्मा  रु. १ करोड ४ लाख

प्रस्ताव नं २) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं २) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३) राहत वितरण मापदण्ड २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं ३) राहत वितरण मापदण्ड २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४) विपद् तथा राहत सम्बन्धी सामाग्रीहरु खरिद गर्ने सम्बन्धमा ।

निर्णय नं ४) कोरोना भाइरसबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि क्वारेन्टाइन स्थल, स्वास्थ्यकर्मी, अन्य कर्मचारी, परिचालन स्क्रिनिङ्ग लगायतका कार्यहरु गर्नका लागि औषधीहरु, भेन्टिलेटर उपकरण , इन्फ्रारेड गन, थर्मोमिटर, पीपीई, स्प्रे, शैया , कपडा, सरसफाइका सामाग्रीहरु, व्यक्तिगत प्रयोगका सामानहरु, बिजुली, खानेपानी, साबुन, स्यानिटयाइजर, लगायतका आवश्यक सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो । साथै नगर क्षेत्रभित्र भाईरस मुक्त गर्नका लागि ३ वटा ट्रयाक्टर र १ टिफर मार्फत मार्फत भाइरस न्युनीकरण सम्बन्धी औषधी छर्ने निर्णय गरियो। निजगढ नगरपालिका क्षेत्रका सम्पुर्ण वडामा वितरण गर्नका लागि खरिद गरिएको ४०,०००(चालीस हजार) थान मास्क रु. १० का दरले जम्मा रु. ४(चार) लाखको भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं ५) मासुजन्य पदार्थको आपुर्तिको व्यवस्था मिलाउने सम्बन्धमा ।

निर्णय नं ५) मासुजन्य पदार्थको खपतको लागि बिक्रीवितरण तथा बजारीकरण गर्ने व्यवसायको बिक्रीवितरणमा सम्बन्धित वडा कार्यालयले सूचना जारी गरी रोक लगाउन सक्ने गरी निर्णय गरियो । साथै मासुको लागि प्रयोग गरिने कुखुराको आन्तरिक आपुर्ति व्यवस्थापनमा अन्यत्रबाट यस नगरपालिकामा भित्रन नदिने तथा यस नगरपालिकाबाट अन्यत्र बाहिर जान नदिने गरी कुखुराको आपुर्तिमा रोक लगाइएको वडामा बाहेक नगरपालिका क्षेत्रमा आन्तरिक खपतको लागि आपुर्तिको व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं ६) विविध ।

प्रस्ताव नं ७) विविध विषयमाथी छलफल गर्दा निजगढ नगरपालिका भित्र रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरुसँग यस कोरोना विपद् सम्बन्धी छलफलको लागि तत्कालै बैठक बोलाउने निर्णय गरियो ।